# जलजला गाउँपालिका

## व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन कार्यविधि, २०७५

प्रस्तावना :

जलजला गाउँपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्मको दर्ता, नविकरण तथा खारजी गर्न, नियमन तथा अनुगमन गरी स्थानीय हाट बजारको व्यवस्थापन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवर्द्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (२) ञ (६) बमोजिम जलजला गाउँपालिकाले मिति २०७५/०९/०३ वैठकवाट पारित गरी यो कार्यविधि बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " जलजला गाउँपालिका व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको निर्णय भएको मिति देखि लागू हुने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले जलजला गाउँपालिका व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन कार्यविधि, २०७५ सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले जलजला गाउँपालिका सम्झनुपर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "वडा कार्यालय" भन्नाले जलजला गाउँपालिकाको मातहतमा रहेका वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

३. व्यापारिक फर्म दर्ता गरी संचालन गर्नुपर्ने :गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिमको व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यापारिक फर्म दर्ता गर्नु पर्ने छ ।

४. व्यापारिक फर्म दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने :

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-२ मा उल्लेखित ढाँचाको दरखास्त फाराम भरी वडा कार्यालयमा दिनु पर्नेछ । यस्तो दरखास्त फाराममा देहायका विवरणहरु खुलेको हुनु पर्दछ :-

क) व्यवसायको नाम र ठेगाना,

ख) व्यवसायको प्रकृति :वस्तु व्यापार, सेवा व्यापार ,

ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा,

घ) व्यवसायीको नाम र ठेगाना,

ङ) व्यवसायीको नागरिकताको प्रतिलिपि,

च) व्यवसाय रहने घरको लालपुर्जाको प्रतिलिपि/घरभाडा सम्झौता ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य दस्तुरहरु लिई व्यापारिक फर्म दर्ताको लागि सम्पूर्ण कागजात सहित गाउँकार्यपालिकाको कार्यालयमा सिफारिस गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि गाउँकार्यपालिकाको कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-४ बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलव्ध गराउनु पर्नेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु पर्ने भएमा जलजला गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनुपर्नेछ ।

५. व्यवसायको नविकरण गर्नु पर्ने : दफा ४ बमोजिम गाउँपालिकाको कार्यालयमा दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गरी सक्नु पर्नेछ । नविकरण शुल्क जलजला गाउँपालिकाका आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ । एक आर्थिक वर्षभन्दा बढी नविकरण नभएमा प्रत्येकवर्षको शुल्कमा **१० प्रतिशत** जरीवाना लिएर पुन नवीकरण गर्न सकिनेछ ।

६.विवरण हेरफेर गर्नु पर्ने भएमा अनुमति लिनुपर्ने : (१) दफा ४ बमोजिम दर्ता भएका व्यवसायका विवरण हेरफेर गर्नु पर्ने भएमा पन्ध दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नु परेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ ।

७. साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्ने :२(१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी वडा कार्यालयमा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी जलजला गाउँपालिकाको आर्थिक ऐन अनुसारको दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु गाउँपालिकाको कार्यालयमा सिफारिस गर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँको अर्को वडामा ठाउँसारीको लागि निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी वडाकार्यालयको सिफारिसमा गाउँकार्यपालिकाको कार्यालयले गर्नेछ ।

(४) उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि गाउँपालिकाको कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समय भित्र गाउँकार्यपालिकाको कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि वडा कार्यालयले आवश्यक जाँचवुझ गरी गाउँपालिकाको आर्थिक

ऐन अनुसारको दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाइ व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

८. गाउँकार्यपालिकाको कार्यालयले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्ने : (१) कुनै खास पेशा,व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्ने आवश्यक ठानेमा कार्यालयले थप विवरण मागगर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा गाउँकार्यपालिकाको कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा गाउँकार्यपालिकाको कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ।

९. व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने : (१) गाउँकार्यपालिकाको कार्यालयमा व्यवसाय दर्ता गर्नु अघी अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

१०. व्यवसाय दर्ता खारेज गर्न सकिने : (१) यस कार्यविधि बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोलीव्यवसायीले सम्वन्धित वडा कार्यालयको सिफारिसमा गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि गाउँकार्यपालिकाको कार्यालयले आवश्यक जाँचबुझ गरीचालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईनेसेवा शुल्क जलजला गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए अनुसार असूल गरी लगतकट्टा गरिदिनु पर्नेछ ।

(४) प्रचलित कानून विपरित कारोबार गरेमा, पेशा व्यवसाय संचालन गरेमा वा गाउँपालिकाको कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगतकट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा गाउँपालिकामा दुई वर्षसम्म कुनै पनि व्यवसाय दर्ता गरी संचालन गर्न रोक लगाउन सक्नेछ ।

११. जरिवाना तथा थप दस्तुर लाग्ने : (१) यस कार्यविधिमा तोकिएको समयभित्र व्यवसाय नविकरण नगराएमा जलजला गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए भन्दा १० प्रतिशत थप जरीवाना तिरी व्यवसाय नविकरण गर्नु पर्नेछ ।

१२. कर छुट तथा मिन्हा दिन सकिने : (१) गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहने महिला तथा अपाङगता भएका व्यक्ति, सिमान्तकृत समुदायलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पच्चिस प्रतिशत छुटदिन सकिनेछ ।

१३. प्रतिलिपि दिने सक्ने : व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा वडा कार्यालयले आवश्यक जांचवुझ गरी रु. पाँच सय प्रतिलिपि दस्तुर लिई सिफारिस गरेमा गाउँकार्यपालिकाको कार्यालयले नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

१४. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने : प्रचालित कानून बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि वडाकार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा रु. पाँच सय दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ ।

१५. व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा कारबाहि हुने :

(१) प्रचलित कानून र यसकार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यापार, व्यवसाय यस गाउँपालिका वडा क्षेत्रभित्र संचालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यापारिक फर्म दर्ता गर्नको लागि निर्देशन दिनुपर्ने छ ।

१६. वाधा अडकाउ फुकाउने अधिकार : (१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुने छ ।

(२) यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुने छ ।

१७. खारेजी तथा बचाउ : (१) यो कार्यविधि बन्नु भन्दा अगाडि गाउँपालिकावाट भए गरेका व्यवसाय दर्ता सम्बन्धी कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

# जलजला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लामाखेत, गण्डकी प्रदेश, नेपाल
## व्यवसायको विवरण

आर्थिक ऐनमा भएको सवै व्यावसाय अनुसुचीमा राख्ने

| सि.नं. | विवरण |
|---|---|
| 1 | होटल, लज, रेष्टुरेन्ट,बार, क्याफे, मिष्ठान्न भण्डार |
| | क. मदिरा समेत विक्री गर्ने होटल लज समेत |
| | ख. होटल लज समेत |
| | ग. मदिरा समेट विक्री गर्ने होटल |
| | घ. होटल मात्र |
| | ङ. चिया पसल |
| 2 | टेन्ट हाउस/ क्याटरिङ |
| 3 | सुन चाँदी पसल |
| 4 | टेलरिङ व्यवसाय |
| | क. कपडा पसल सहितको टेलरिङ व्यवसाय |
| | ख. टेलरिङ |
| 5 | सैलुन व्यवसाय |
| 6 | व्युटी पार्लर तालिम समेत दिने |
| 7 | कम्प्युटर, फोटोकपि मेशिन र प्रिन्टर समेत |
| | कम्प्युटर तालिम दिने |
| 8 | टि.भि., फ्रिज, बिक्री |
| | टिभि. फ्रिज मर्मत |
| 9 | मोवाईल, टेलिफोन विक्री तथा मर्मत |
| | रेडियो, घडी मर्मत तथा विक्री |
| 10 | जुत्ता तथा चप्पल विक्री |
| 11 | क.पाँचवटा भन्दा बढी सामाजको डिलर |
| | ख. ३ भन्दा बढी ५ वटा सम्म सामानको डिलर |
| | ग. १ वटा भन्दा बढी ३ वटा सम्म सामानको डिलर |
| | घ. १ बटा मात्र सामानको डिलर |
| 12 | औषधी पसल, एलोपेथिक, होमोपेथिक, आयुर्वेद र चस्मा पसल |
| | थोक विक्रेता |
| | खुद्रा विक्रेता |
| | साना खुद्रा बिक्रेता |
| | चस्मा पसल |
| 13 | नीजी अस्पताल तथा नर्सिङ होम |
| 14 | क्लिनिक तथा ल्याब |
| 15 | क.डेन्टल अस्पताल |
| | ख. डेन्टल क्लिनिक |
| 16 | पान पसल |

| | |
|---|---|
| 17 | लत्ता कपडा धुलाई तथा सरसफाई |
| 18 | आर्ट व्यवसाय |
| 19 | ईलेक्ट्रिक सामानहरुको विक्री |
| 20 | फोटो स्टुडियो |
| 21 | धागो टाँक, पस्नर विक्री |
| 22 | भाँडा पसल |
| 23 | गिफ्ट तथा कस्मेटिक पसल |
| 24 | प्लाई, सिसा, कार्पेट फ्रेम आदि बिक्री |
| 25 | पेट्रोल पम्प |
| 26 | ग्याँस सिलिन्डर बिक्रेता |
| 27 | साईकल तथा रिक्सा मर्मत |
| 28 | अटोमेकानिक्स तथा इन्जिनियरिङ्ग मोटर पार्टस |
| 29 | लेथ्स सेक्सन तर्फ |
| | क. मोटर बडी विल्डर्स |
| | ख. टायर मर्मत तथा हावा हाल्ने र सिट मर्मत |
| | ग. मोटर साईकल शो रुम |
| 30 | पशु, आहार, उद्योग फिड्स |
| 31 | लेखा परीक्षक |
| | क. क र ख श्रेणीलाई |
| | ख. ग र घ श्रेणीलाई |
| 32 | बैंक , फाइनान्स वित्तिय संस्थाहरु तथा सहकारी बैक नाफामुलक |
| | क. क बर्गको बैक वा वित्तिय संस्था |
| | ख. ख बर्गको बैक वा वित्तिय संस्था |
| | ग. ग बर्गको बैक वा वित्तिय संस्था |
| | घ. घ बर्गको बैक वा वित्तिय संस्था |
| 33 | पाउरोटी, बरफ विस्कुट तथा दालमोट उद्योग |
| 34 | निजी शिक्षालय सञ्चालन तर्फ अनुमति सिफारिस |
| | क. क्याम्पस, उच्च मा.वि. |
| | ख. मा.वि |
| | ग. नि.मा.वि |
| | घ. प्रा.वि. |
| 35 | ब्लक , रिङ, टायर र तारबार पोल उद्योग |
| 36 | मैन बत्ती तथा अगरबत्ती उद्योग |
| 37 | मसला उद्योग |
| 38 | परामर्श सेवा तर्फ |
| | क. इन्जिनियरिङ्ग |
| | ख. शैक्षिक |
| | ग. अन्य परामर्श सेवा |
| 39 | किराना पसल |
| | क. मदिरा समेत विक्री गर्ने थोक विक्रेता |
| | ख. मदिरा बाहेक अन्य वस्तु विक्री गर्ने थोक विक्रेता |
| | ग. मदिरा समेत विक्री गर्ने खुद्रा विक्रेता |
| | घ. खुद्रा विक्रेता |

| | |
|---|---|
| 40 | मादल मर्मत तथा  विक्री |
| 41 | सिरक डसना विक्री |
| 42 | झोला तयारी गर्ने उद्योग |
| 43 | डेरी उद्योग |
| 44 | फर्निचर उद्योग, फर्निचर शो रुम तथा समिल |
| | क. फर्निचर उद्योग |
| | ख. फर्निचर शो रुम |
| 45 | ग्रील सटर उद्योग |
| | क. क श्रेणीको ग्रील उद्योग |
| | ख. श्रेणीको ग्रील उद्योग |
| 46 | मिल, कुटानी, पिसानी, पेलानी, सेलर, होल्लर, तेल, चिउरा आदि |
| | क. होल्लर र  सेल्लर  मिलबाट कुटानी पिसानी |
| | ख. सानो कुटानी पिसानी मिल |
| 47 | कुखारा पालन तर्फ |
| | क. १००० चल्ला सम्म |
| | ख. १००० भन्दा माथि |
| 48 | फ्रेस हाउस (माछा, खसि, कुखुरा अन्य)  पसल |
| 49 | तरकारी फलफुल तथा साग सब्जी पसल |
| 50 | अण्डा विक्री |
| 51 | इट्टा विक्री डिपो तथा संकलन केन्द्र |
| 52 | डोकी, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबाँसका समानहरु |
| 53 | हार्डवेयर पसल |
| 54 | चिम्नी उद्योग ईट्टा भट्टी |
| 55 | मेटलको भाँडा बनाउने व्यवसाय |
| 56 | पुस्तक, स्टेशनरी तथा खेलकुदका सामानहरुको विक्री |
| 57 | केबुल प्रशारण |
| 58 | फोटोकपि, फ्याक्स, लेमिनेशन,व्यन्डिङ, कुरियर |
| 59 | कम्प्युटर तथा ड्राइभिङ्ग इन्टिच्युट |
| 60 | कपडा पसल |
| 61 | छापाखान तथा कपि, किताब उद्योग |
| 62 | डिजिटल छापाखाना |
| 63 | साइबर नेट फोन सेवा कम्युनिकेशन सेवा |
| 64 | निर्माण व्यवसायी |
| | क श्रेणी |
| | ख. श्रेणी |
| | ग. श्रेणी |
| | घ  श्रेणी |
| 65 | रासायनिक मल, विउ, विजन, किटनाशक औषधी विक्री |
| 65 | भिडियो मिक्सीङ्ग |
| 66 | क मदिरा थोक बिक्री |
| | ख. मदिरा खुद्रा विक्री |
| 67 | ट्युसन सेन्टर |
| 68 | मेसिनरी सामान,मोटर,जेनेरेटर आदि बिक्री |

| | |
|---|---|
| 69 | कवाडी ब्यबसाय |
| 70 | मोबिल ,ग्रिज बिक्री |
| 71 | टुर्स एण्ड ट्राभल्स एजेन्सी |
| 72 | कुरियर तथा कार्गो सेवा |
| 73 | भेटेरेनरी सेवा |
| 74 | रङरोगन, सिसा पसल |
| 75 | हाइड्रोपावर प्रा.लि. |
| 76 | सोलार |
| 77 | अपसेट प्रेस |
| 78 | विमा कम्पनि |
| 79 | विशेषज्ञ डाक्टर सेवा |
| 80 | नोटरी पब्लिक सेवा |
| 81 | प्राविधिक शिक्षालय |
| 82 | कस्मेटिक पसल |
| 83 | फ्लेक्स प्रिन्ट पसल |
| 84 | पुल हाउस सेवा |
| 85 | काठको ठेका भाँडा पसल |
| 86 | माटाका भाँडा पसल |
| 87 | खेलौना सामग्री पसल |
| 88 | जडिबुटि पसल |

नोटः- माथि उल्लेखित छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा रु ५००। देखि रु ३००००। सम्म लिन सकिनेछ

अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

जलजला गाउँपालिका

...... नं वडा कार्यालय

गाउँ कार्यपालिकाको कार्यालय

लामाखेत गण्डकी प्रदेश, नेपाल

व्यवसाय दर्ता/नविकरण निवेदन फाराम

श्रीमान वडा अध्यक्ष ज्यू,
....... नं वडा कार्यालय ...........
जलजला गाउँपालिका, लामाखेत
गण्डकी प्रदेश, नेपाल

विषय : व्यवसाय दर्ता /नविकरण गर्न अनुमति पाउँ ।

मैले/हामीले निम्न स्थानमा ............................................... व्यवसाय दर्ता/नविकरण गर्नुपरेकोले व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन कार्यविधि, २०७५ को दफा ४ बमोजिम यो निवेदन दिएको छु/छौं ।

१.व्यवसायीको नाम, थर : .......................................
२. स्थायी ठेगाना : .................. जिल्ला .............. गा.पा./न.पा ............. वडा नं...............
३. नागरिकता नं.:.......................... जारी जिल्ला............... मिति :.................................
४. फर्म/कम्पनीको नाम : ..........................................................................
५. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ..................
फोन नं. : ............................ इमेल :..............................................................
६.व्यवसायको प्रकृति : .......................................
७. कारोबार गर्ने वस्तु :..........................
८. लगानी (रु.मा) : ........................
९.व्यवसाय वहालमा रहेको भए घरको घरधनीको नाम, थर.....................................
ठेगाना : .................. वडा नं. ..................

मिति : ........................

निवेदकको दस्तखत

अनुसूचि ३
(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

जलजला गाउँपालिका
...... नं वडा कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
लामाखसेत गण्डकी प्रदेश, नेपाल
व्यवसाय दर्ता किताव

| क्र.स | व्यवसायीको नाम थर | ठेगाना | व्यवसायको प्रकृति | पूँजी | एकलौटी / साझेदारी | दर्ता मिति | व्यवसायीको फोटो | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची ४

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

## जलजला गाउँपालिका
## ...... नं वडा कार्यालय
## गाउँ कार्यपालिकाको कार्यालय
## लामाखेत, गण्डकी प्रदेश, नेपाल

व्यवसाय दर्ता प्रमाण पत्र

दर्ता मिति :

प्रमाणपत्र नं :

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

जलजला गाउँपालिकाको कार्यविधि २०७५ बमोजिम व्यवसाय प्रमाण-पत्र प्रदानगरिएको छ ।

फोटो

व्यवसायीको विवरण :

| एकल | साझेदारी |
|---|---|

१. (क) व्यक्तिको नाम,थर :.....................................................................
(ख) नागरिकता नंः ..................... जारी जिल्ला र मिति :....................................
२. ठेगानाः........................................................
३. फोनः.................................. ई-मेलः.......................................
व्यवसायको विवरण :
१. व्यवसायको नाम : ............................................................................
२. पूंजीगत लगानी (रु मा) : ......................................................................
३. व्यवसाय रहने स्थान :....... .. जलजला
.गा.पा. वडा नं. .................. टोल ..........................
४. व्यवसाय बहालमा रहेको भए घरधनीको नाम : ..............................
५. कारोबार गर्ने वस्तु वा सेवाको विवरण :

## शर्तहरु

१) प्रत्येक आ.व.को असोज मसान्तभित्र व्यवसाय नविकरण गरी सक्नु पर्नेछ ।
२) व्यवसाय गरी आएको स्थान बदल्नु परे वडा कार्यालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।
३) आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनुपर्नेछ ।
४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र वडा कार्यालयको कर्मचारीहरुले हेर्न चाहेकोबखत तुरुन्त देखाउनु पर्दछ ।
५) आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन ।
६) आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ ।
७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः